कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (COVID-19 Crisis Management Center) CCMC मुस्ताङद्वारा प्रकाशित


## कोभिड-१९ सम्बन्धी मुस्ताङ जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

मिति २०७७ श्रावण ०१ गते बिहीबार

वर्ष १ अंक ६




**स्वयम् एकान्तबास बस्ने Self - Quarantine मा बस्दा पालना गर्नु पर्ने नियमहरू**

१. म पर्याप्त भेन्टिलेसन भएको कोठामा एक्लै बस्नेछु, र यो सम्भव नभएमा छुट्टै ओछ्यानमा सुतिरहेको अर्को व्यक्तिसंग कम्तिमा १ मिटर दूरी राख्नेछु ।

२. म छुट्टै बाथरूम र शौचालयको प्रयोग गर्नेछु र यदि यो सम्भव नभएमा प्रयोग गरेपछि बाथरूम र शौचालय आफैं सफा गर्नेछु ।

३. म आफु बस्ने कोठा आफैं सफा गर्नेछु ।

४. म घरभित्र साझा रूपमा प्रयोग हुने ठाउँहरू जस्तै भान्सा, शौचालयमा मेरो आवात जावतलाई सीमित गर्नेछु । यी साझा ठाउँहरूमा पर्याप्त भेन्टिलेसन भएको (वा झ्याल खुला रहने) सुनिश्चित गर्नेछु ।

५. म स्वास्थ्य संस्था जान बाहेक अन्य कामको लागि घर बाहिर जाँदिन । म काममा, विद्यालयमा वा सार्वजनिक क्षेत्रहरूमा जाँदिन र सार्वजनिक यातायातको प्रयोग गर्दिन ।

६. म नियमित रूपमा आफ्नो हात साबुन र पानीले मिची मिची २० सेकेन्डसम्म धुनेछु, वा हात सफा राख्न अल्कोहल युक्त हेन्ड सेनिटाइजर प्रयोग गर्नेछु । म हात नधोइ मेरा आँखा, नाक र मुख छुनबाट जोगिनेछु ।

७. मैले प्रयोग गर्ने गिलास, कप, खाना खान प्रयोग हुने भाँडा, तौली र रुमाल, ओछ्यान, वा अन्य सामानहरू घरका अन्य व्यक्तिहरूसँग साझा प्रयोग गर्दिन । प्रयोग गरेपछि यी सामानहरू म साबुन र पानीले सफा संग धुनेछु ।

८. म अन्य व्यक्तिहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने छैन ।

९. यदि अन्य व्यक्तिहरूसँगको सम्पर्कमा आउनु पर्दा, म कम्तिमा १ मिटर (३ फिट) को दूरी राख्नेछु र म अर्को व्यक्तिसंग एउटै कोठामा हुँदा र स्वास्थ्य संस्था जाँदा मास्क लगाउनेछु ।

१०. खोक्दा वा हाच्छिउँ गर्दा म मेरो मुख र नाकलाई टिस्यु, रुमाल वा कुहिनाले छोप्नेछु ।

११. म आफ्नो कोठाबाट प्रयोग गरिएको टिस्यु, रूमाल, मास्क र अन्य चीजहरू छुट्टै फोहोर फाल्ने ठांउमा फाल्नेछु र फाले पछि तुरून्तै कम्तिमा २० सेकेन्ड सम्मका लागी अफ्ना हातहरू साबुन र पानीले मिची मिची धुनेछु । रूमाल वा पुन प्रयोग गर्ने कपडा साबुन र पानीले सफासंग धुनेछु र यसलाई घाममा राम्ररी सुकाएपछि मात्र प्रयोग गर्नेछु ।

१२. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त निर्देशनहरूको पालना गर्नेछु र आवश्यक सहयोगको लागि सधैं तयार रहनेछु ।

१३. म क्वारेन्टाइनमा रहँदा आफ्नो शरीरको तापक्रम दैनिक एक पटक जाच्नेछु र दिईएको फाराममा रेकर्ड गर्नेछु । मलाई दिईएको निर्देशन अनुसार १४ दिन सम्म मेरो दैनिक स्वास्थ्य स्थिति बारे तोकिएको स्वास्थ्य निकायमा जानकारी दिनेछु ।

१४. कुनै पनि स्वास्थ्य समस्या देखिएको खण्डमा वा क्वारेन्टाइनमा वस्दा अन्य केही समस्याहरू भएमा तोकिएको स्वास्थ्य निकायबाट प्राप्त निर्देशनहरू अनुरूप गर्नेछु ।

१५. म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संगको पूर्व अनुमति बिना क्वारेन्टाइन स्थान भन्दा बाहिर यात्रा गर्ने छैन ।

**आवश्यक भएमा यहाँ सम्पर्क गर्न सक्नुहुनेछ ।**

| Health Emergency Operation Centre | Epidemiology and Disease Control Division | COVID-19 Hotline |
|---|---|---|
| Phone: 01-4250845,<br>Fax: 01-4250842,<br>E-mail: heocmohp@gmail.com,<br>Web: heoc.mohp.gov.np<br>fb: fb.com/HEOC | Phone: 01-4255796,<br>E-mail: ewarsedcd@gmail.com,<br>Web: edcd.gov.np, fb: fb.com/edcdnepal | Get your queries answered from<br>From 8:00 AM – 8:00 PM<br>Call Center 1115<br>Call: 9851255839, 9851255837, 9851255834 |



# कोभिड – १९ संग सम्बन्धित जिल्लास्तरीय बहु निकाय बैठक

## मिति २०७७/०३/१६ गतेको निर्णयहरु

१. मुस्ताङ जिल्लामा Corona COVID 19 PCR Positive आई मिति २०७७/०३/०१ गतेदेखि Isolation Ward मा भर्ना हुनु भएका मुस्ताङ् जिल्ला घरपझोङ गाउँपालिका – १ निवासी ८३ वर्षीय पुरुषको दोस्रो पटक स्वाव परिक्षण गर्दा Report Negative आएको र निजको स्वास्थ्यमा समस्या नरहेकोले निजलाई Isolation बाट Discharge गर्ने निर्णय गरियो।

## मिति २०७७/०३/२२ गतेको निर्णयहरु

१. घरपोझोङ गाउँपालिकाको कार्यालय च.नं. १६८४ मिति २०७७/०३/२१ को पत्रानुसार यस जिल्लामा Corona COVID – 19 को संक्रमणबाट निधन हुन गएमा निजहरुको शव व्यवस्थापनको लागि तपशिल बमोजिमको स्थान तोक्ने निर्णय गरियो।

**तपशिल :**

- ४ नं. वडा अन्तर्गत सशस्त्र प्रहरी बल, नेपालको क्याम्प तर्फ बारागुङ मुक्तिक्षत्र गा.पा. सँग जोडिएको सिमानाबाट २०० मिटर तलको जग्गा।
- ३ नं. वडा अन्तर्षत जोमसोम एयरपोर्टको पछाडि पट्टी काली नदीको किनारको जग्गा।



**स्वाव संकलन गर्दै जिल्ला अस्पताल जोमसोमका स्वास्थ्यकर्मी ।**



**सार्वजनिक स्थलमा Disinfection गर्दै सुरक्षाकर्मीहरु ।**



**आईसोलेसन कक्षको सुरक्षा गर्दै सुरक्षाकर्मीहरु ।**

## जिल्लामा रहेका हेल्थडेस्क

- घाँसा
- जोमसोम स्थित समाजघर
- मुक्तिनाथ क्षेत्र
- लोमान्थाङ्ग

मिति २०७७/०३/३१ गतेसम्म मुस्ताङ जिल्लामा चारवटा हेल्थ डेस्क र जिल्ला अस्पतालमा स्थापना गरिएको फिभर क्लिनिकबाट १३५११ जनाको स्वास्थ्य परिक्षण गरिएको छ ।



**घाँसास्थित RDT क्लिनिकमा RDT चेकजाँच गर्दै जिल्ला अस्पताल जोमसोमका स्वास्थ्यकर्मीहरु ।**

## जिल्लामा रहेका एम्बुलेन्सहरुको विवरण

| सि.नं. | विवरण | सुरक्षा निकाय |
|---|---|---|
| ओमकार वि.क. | ९८४२२६५४०४ | जिल्ला अस्पताल |
| वीर बहादुर घले | ९८६९२०४८७६ | जिल्ला रेडक्रस |

## जिल्लास्थित अस्पताल तथा स्वास्थ्य कार्यालयहरुमा कार्यरत चिकित्सकहरुको विवरण


| पद नामथर | कार्यालय | फोन नं. |
|---|---|---|
| मे.अ.डा. शिब भण्डारी | जिल्ला अस्पताल | ९८५७६४९५५५ |
| डा. केबिन पौडेल | जिल्ला अस्पताल | ९८४६७२३०८१ |
| डा. साजन बराल | जिल्ला अस्पताल | ९८६७३०९४१६ |
| डा. सबिता बराल | जिल्ला अस्पताल | ९८४५१७८६६९ |
| डा. लक्ष्मण थापा | थासाङ्ग गा.पा. लेते | ९८४००११८०३ |
| डा. अनिल तिमिल्सेना | जिल्ला अस्पताल | ९८६७००३३३५ |



| क्वारेन्टाईनमा राखिएको संख्या | क्वारेन्टाईनबाट छाडिएको संख्या | हाल क्वारेन्टाईनमा रहेको संख्या | आईसोलेसनमा राखिएको संख्या | आईसोलेसनबाट छाडिएको संख्या | हाल आईसोलेसनमा रहेको संख्या | RDT संख्या | स्वाव टेष्ट संख्या |
|---|---|---|---|---|---|---|---|
| २९ | २९ | - | १७ | १६ | १ | १२५५ | ७१ |

- हालसम्म गरिएका RDT को नतिजा मध्ये १२२० जनाको Non-Reactive र ३५ जनाको Reactive तथा स्वाव टेस्टको नतिजा मध्ये ७० जनाको Negative र १ (एक) जनाको Positive आएको (पुन:परिक्षण गर्दा नेगेटिभ आएको) ।

# "८३ वर्षीयले जिते कोरोनालाई, मुस्ताङ कोरोना संक्रमित मुक्त"



फोन : ०६९-४४०२९१
०६९/४४०४७४

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
मुस्ताङ जिल्ला अस्पताल, जोमसोम

MDH form No. 16

पत्र संख्या : ०७६/७७

मिति : ..................

मिति २०७७/०३/१६

बिज्ञप्ति !!!

यस मुस्तांग जिल्ला अस्पताल, जोमसोममा corona covid -१९ PCR positive आइ मिति २०७७/०३/०१ गते देखि isolation ward मा भर्ना हुनुभएका मुस्तांग जिल्ला घरपझोंग गाउपलिका -१ निवासी ८३ बर्षीय पुरुषको दोस्रोपटक २०७७/०३/१० गतेकोको swab नमुनाको report negative आएको र निजले यस अस्पतालको isolation ward मा १४ दिन पुरा बस्दा कुनै स्वास्थ्य समस्या समेत नदेखिएको ले निजलाई यस अस्पतालको isolation ward बाट discharge गरिएको छ ।

अब यस अस्पतालको isolation ward मा कुनै बिरामी नरहेको व्यहोरा समेत जानकारी गरिन्छ ।

निजको रोगको पहिचान, उपचार तथा व्यवस्थापन मा सहयोग गर्नुहुने सम्पूर्णमा अस्पताल परिवार धन्यवाद ज्ञापन गर्दछ ।

डा शिव भण्डारी
मेडिकल सुपरिटेण्डेण्ट

**मुस्ताङ जिल्ला अस्पताल जोमसोमले जारी गरेको प्रेश विज्ञप्ति**





**स्वाव परिक्षणको नतिजा नेगेटिभ देखिए पछि ८३ वर्षीय पुरुषलाई Discharge गर्ने क्रममा CCMC का पदाधिकारीहरु ।**


PCR परिक्षण पोजिटिभ देखिएका मुस्ताङ जिल्ला, घरपझोङ गाउँपालिका – १ निवासी ८३ वर्षीय पुरुषको दोस्रो पटक गरिएको स्वाव परिक्षणको नतिजा Negative आएको छ ।

मिति २०७७/०२/३१ गते काठमाण्डौं बौद्धबाट मुस्ताङ आउनुभएका वडा नं. १ छैरो स्थित तिब्बतियन क्याम्प निवासी ८३ वर्षीय पुरुषको घाँसास्थित RDT क्लिनिकमा RDT Reactive देखिए पश्चात मिति २०७७/०३/०२ गते लिईएको स्वाब नमुनाको पोखरास्थित प्रदेश जनस्वास्थ्य प्रयोगशाखामा मिति २०७७/०३/०६ गते Corona SARS COVID-19 RT-PCR परिक्षण गर्दा Positive देखिएको थियो ।

मिति २०७७/०३/०१ गतेदेखि मुस्ताङ जिल्ला अस्पताल जोमसोममा आईसोलेसन कक्षमा राखिएका उनलाई दोश्रो पटक मिति २०७७/०३/१६ गते गरिएको स्वाब परिक्षणको रिपोर्ट Negative आए पश्चात मिति २०७७/०३/१६ गते मुस्ताङ जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं कोभिड १९ संकट व्यवस्थापन केन्द्रका अध्यक्ष श्री वेद प्रसाद अर्यालको अध्यक्षतामा बसेको कोभिड १९ संकट व्यवस्थापन केन्द्रको बैठकले निजको स्वास्थ्यमा समस्या नरहेकोले निजलाई Isolation कक्षबाट Discharge गर्ने निर्णय गरेको थियो ।

निज ८३ वर्षीय पुरषको स्वाव परिक्षणको नतिजा नेगेटिभ आए पश्चात मुस्ताङ जिल्लामा कोरोना संक्रमितको संख्या शुन्य भएको छ ।

## मुस्ताङ जिल्लामा बैशाख महिनादेखी अषाढ महिनासम्म गरिएको स्वाव संकलनको तनुलनात्मक चार्ट




| महिना | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| बैशाख | १ | १ | २ |
| जेष्ठ | ११ | ४ | १५ |
| अषाढ | ३८ | १६ | ५४ |
| **जम्मा** | **५०** | **२१** | **७१** |



सुरक्षित रुपमा स्वाव संकलन गर्दै मुस्ताङ्ग जिल्ला अस्पताल जोमसोमका स्वास्थ्यकर्मी



कोभिड १९ सम्बन्धि माईकिङद्धारा जनचेतना फैलाउँदै सुरक्षाकर्मीहरु




**घाँसास्थित RDT क्लिनिकलाई व्यवस्थित गर्दै सुरक्षाकर्मी**



**उपल्लो मुस्ताङमा स्थानियको फिभर चेक गर्दै स्वास्थ्यकर्मी**



**घाँसा नाकाबाट मुस्ताङ जिल्ला प्रवेश गर्ने सवारी साधनहरुलाई Disinfection गर्दै सुरक्षाकर्मीहरु**

**प्रकाशक**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मुस्ताङ

कोभिड - १९ संकट व्यवस्थापन केन्द्र मुस्ताङ
COVID-19 Crisis Management Centre (CCMC) Mustang
Email : daomustang@gmail.com